ब्लाष्ट टाइम्स २०७५ ५ ४



# न्यूरोमा डेन्टल सेवा

विराटनगर (ब्लाष्ट) विराटनगरस्थित न्यूरो कार्डियो एण्ड मल्टी स्पेसियालिटी हस्पिटलमा अत्याधुनिक सुविधा सम्पन्न डेन्टल सेवा सञ्चालनमा आएको छ।

विराटनगरको महेन्द्र चौकमा सञ्चालनमा रहेको न्यूरोले तुलसा मदर एण्ड चाइल्ड अस्पतालभित्र अत्याधुनिक सुविधासम्पन्न डेन्टल सेवा शुरु गरेको हो। हस्पिटलले आइतवार एक कार्यक्रम आयोजना गरी उक्त सेवा शुरु गरेको बताएको छ। मुख तथा दन्तरोगसम्वन्धी सम्पूर्ण सेवा एउटै छानामुनी सेवा प्रदान गर्ने उद्देश्यले डेन्टल सेवा शुभारम्भ गरेको अपरेशनल डाइरेक्टर राजेश भट्टराईले जानकारी दिए। 'दन्तसम्बन्धी सम्पूर्ण सेवा एकै ठाउँबाट प्रदान गर्ने यस्तो सेवा शुरु गरेको हो' अपरेशनल डाइरेक्टर भट्टराईले भने, 'अत्याधुनिक उपकरणहरुबाट विशेषज्ञ चिकित्सकहरुबाट उपचार हुनेछ।' उनका अनुसार पहिलो प्रारम्भिक चरणमा ४० लाख रुपैयाँ खर्चमा डेन्टल सेवा शुरु गरेको भट्टराईले जानकारी दिए। डेन्टल सेवा डा.मनोज सरदार, डा. रविन आचार्य, डा. रोजिना शाक्यलगायतले प्रदान गर्नेछन्।

प्रदेश सरकार
उद्योग, पर्यटन, वनतथावातावरण मन्त्रालय
प्रदेश नं. १, विराटनगर, नेपाल

## सूची दर्ता गर्ने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५।०५।०४

यस मन्त्रालयको लागि आ.व. २०७५।०७६ मा आवश्यक पर्ने खरिद तथा आपूर्ति सम्बन्धी कार्य, निर्माण तथा मर्मत कार्य एवं पर्यटकीय स्थलहरुको पूर्वाधार विकास, पदमार्ग निर्माण, जलमार्ग सञ्चालन, जैविक विविधता संरक्षण, खनिज तथा खनिजजन्य पदार्थको उत्खनन, सूचना प्रविधि पार्क स्थापना, केवल कार स्थापना तथा सञ्चालन, साहसिक पर्यटन प्रवर्द्धन, विशेष आर्थिक क्षेत्र स्थापना जस्ता विषयको सम्भाव्यंता अध्ययन/डि पिआर तयारी/गुरु योजना तयारी/त्यस्ता अध्ययनको लागि कार्य क्षेत्रगत सर्त (ToR) तयार गर्ने जस्ता कार्यको लागि मौजुदा सूची दर्तालाई यथाशीघ्र अद्यावधिक गरी खरिद प्रक्रिया अगाडि बढाउनु पर्ने भएकाले इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्थाहरुलाई विस्तृत सूचनामा उल्लेखित कागजात सहित निवेदन दिई सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना मन्त्रालयको वेभसाईट moitfe.p1.gov.np मा प्रकाशित गरिएको तथा सूचना पाटीमा टाँस गरिएको छ।

प्रदेश सचिव

## गङ्गादेवीको

धरान (ब्लाष्ट) नेपाल स्काउट सुनसरीका कार्यक्रम आयुक्त तथा क्षेत्रीय सङ्गठन आयुक्त गङ्गादेवी ज्यापू भुजेलको शोकसभा गरिएको छ।

विभिन्न विद्याल… टूप, सुनसरी क्रि… लिडर, जिल्ला का… पदाधिकारीहरू स… शनिबार शोकसभा …








